# उच्च अदालत पोखरा, बागलुङ इजलास

## बागलुङ

☎ ०६८-५२०२४५
Email: info.hcibaglung@supremecourt.gov.np
admin.hcibaglung@supremecourt.gov.np
website: www.supremecourt.gov.np/court/baglunghc

पत्र संख्या: ०७७/७८
चलानी नं. २१०३

**सूचना** !   **सूचना** !!   **सूचना** !!!

<u>२०७८।०१।२० मा</u>

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको नया भेरियन्ट (Covid-19) संक्रमणको कारण यस बागलुङ जिल्ला अन्तर्गत पनि संक्रमण बढ्दै गएको कारणबाट जिल्ला प्रशासन कार्यालय बागलुङबाट कोभिड संकट व्यवस्थापन समितिको मिति २०७८।१।१९ गतेको बैठकबाट जिल्ला सुरक्षा समितिको निर्णयसमेतका आधारमा बागलुङ नगरपालिका क्षेत्रभर जोखिमयुक्त क्षेत्र तोकी मिति २०७८।१।२१ गते देखि मिति २०७८।१।३० गते सम्म लागु हुने गरी निषेधाज्ञा घोषणा गरेकोले सर्वसाधारणको लागि यस्तो अवस्थामा अदालतसम्म आउन, मुद्दाको कारवाही, सुनुवाई र निर्णय गर्नसमेत असुविधा हुने हुंदा सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७८।१।१४ को निर्णयबमोजिम मातहत अदालतहरुले स्थानीय परिस्थिती एवं जोखिमको अवस्थाको मूल्याङ्कनको आधारमा दैनिक काम कारवाही तथा सेवा प्रवाह मिलाउने भन्ने उल्लेख भएको परिप्रेक्ष्यमा यस अदालतबाटसमेत सेवा प्रवाह गर्नमा समस्या सृजना भै यस अदालतमा सेवा लिन आउने सेवाग्राही, कानून व्यवसायी तथा कर्मचारीहरुमा समेत भय त्रासको वातावरण सृजना भएको हुँदा यस अदालतबाट अर्को निर्णय नभएसम्मको लागि हाललाई मिति २०७८।१।२१ गतेबाट २०७८।१।३१ सम्म लागु हुने गरी र तत्पश्चात् पनि निषेधाज्ञा अवधि थप भएमा सोही बमोजिम हुने गरी देहाय बमोजिमका सेवाहरु मात्र प्रवाह गर्ने र सो अवधिका काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा हदम्याद, म्याद तारेख नगुज्रने भनी मिति २०७८।१।२० मा यस अदालतको भन्ने यस अदालतको मिति २०७८।१।२० मा बसेको बार बेञ्च र सरकारी वकील वकिलको बैठकबाट निर्णय भएबमोजिम यस अदालतको मिति २०७८।१।२० को फुलकोर्ट बैठकबाट निर्णयसमेत भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>उच्च अदालत पोखरा, बागलुङ इजलासंबाट प्रवाह हुने:-</u>

१. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता र कारवाही ।
२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम थुनुवा भएको निवदेनहरु।
३. मुलुकी फौजदारी कार्यविधि, कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदनहरु।
४. मिलापत्र र मुद्दा फिर्ता सम्बन्धी निवेदनहरु ।
५. संक्रमण रोगसँग सम्बन्धित निवेदनहरु ।